नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं

## प्रेस विज्ञप्ती-६३

# "ठगी मुद्दाका फरार प्रतिवादी पक्राउ"

कालिमाटी, काठमाडौं स्थित साईनिङ् स्टार सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेडमा जम्मा गरेको निक्षेप रकम रू. २२,६४,९४,४७८/- (बाइस करोड चौसठ्ठी लाख चौरानब्वे हजार चार सय अठ्हत्तर रुपैयाँ) जाहेरवालाहरुलाई फिर्ता नदिई सो संस्थाका पदाधिकारीहरु र संचालकहरुलाई आर्थिक लाभ हुने गरी तोकिएको प्रयोजन वाहेकको ब्यापारिक कारोबार र आफन्तका नाममा जग्गा खरिद गरी ठगी गरेको भन्ने मुद्दामा उक्त संस्थाका लेखा-समिती संयोजक प्रतिवादी पंचमान महर्जन समेतले ऋण प्रवाह तथा असुली गर्दा त्रुटी गरेकोले ठगीमा संलग्न भएको ठहर गर्दै सम्मानित काठमाडौं जिल्ला अदालतले मिति २०७३/०३/१९ मा प्रतिवादी पंचमान महर्जनलाई ६(छ) महिना कैद र रु. ३५,६८,०००/- (पैतिस लाख अठ्सट्ठी हजार रुपैयाँ) जरिवाना हुने फैसला गरेकोमा यस केन्द्रीय अनुसन्धान ब्यूरोबाट फैसला कार्यान्वयन तथा फरार प्रतिवादीहरुको खोजतलास एवं पक्राउको लागी परिचालित टोलीले निज प्रतिबादीलाई मिति २०७८/१०/२० गते जिल्ला काठमाडौं का.म.पा. १५, स्वयम्भूबाट पक्राउ गरी फैसला कार्यान्वयनको लागि आज मिति २०७८/१०/२१ मा सम्मानित काठमाडौं जिल्ला अदालतमा पेश गरेको ब्यहोरा सूचित गरिन्छ।

**पक्राउ प्रतिवादी:**

| | |
|---|---|
| **प्रतिवादी:** | पंचमान महर्जन |
| **उमेर:** | ४८ वर्ष |
| **ठेगाना:** | जिल्ला काठमाडौं का.म.न.पा. १५, स्वयम्भू |
| **मुद्दा:** | ठगी |
| **कैद:** | ६ महिना |
| **जरिवाना:** | रु. ३५,६८,०००/- |
| **फैसला:** | २०७३/०३/१९ |
| **पक्राउ मिती:** | २०७८/१०/२० |
| **पक्राउ स्थान:** | स्वयम्भू, काठमाडौं |



**उप-निर्देशक**
(श्याम कुमार महतो)
प्रहरी उपरीक्षक
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नम्बर: ९८५१२९१३११
मिति २०७८/१०/२१ गते